# चन्द्रनगर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
चन्द्रनगर, सर्लाही,
मधेस प्रदेश,नेपाल

पत्र संख्या:-२०८२/०८३  मिति:- २०८३/०१/२९

च. न.:-

## अपाङ्गता भएका बालबालिकाहरुको शारिरीक परिक्षण गरी आवश्यक शारिरीक पुनर्स्थापना सेवा (सहायक सामाग्री सहित) को लागि प्रस्ताव पत्र पेश गर्ने सूचना ।

(सूचना प्रकाशन मिति : २०८३/०१/२९ गते)

नेपाल सरकारको पुर्नस्थापना सेवा संचालन सम्बन्धी मापदण्ड, २०७८ तथा साहायक प्रविधि सामाग्री सेवा सम्बन्धि राष्ट्रिय मापदण्ड, २०७८ बमोजिम अपाङ्गता भएका बालबालिकाहरुलाई परिक्षण सहित आवश्यक पुनर्स्थापना सेवा (सहायक सामाग्री सहित) को लागि योग्यता पुगेका इच्छुक संस्थाहरुले सूचना प्रकाशन भएको मिति देखि ७ (सात) दिन भित्र प्रस्ताव पत्र पेश गर्नुपर्नेछ ।

| क्र.सं. | कार्यक्रमको नाम | रकम रु |
|---|---|---|
| १ | **अपाङ्गता भएका बालबालिकालाई सबलता कार्यक्रम** | रु १,५०,०००/- (अक्षरेपी एक लाख पचास हजार मात्र) |

**प्रस्तावना पेश गर्न योग्य सँस्था**

१. संस्था अपाङ्गता पुर्नस्थापना सेवाको क्षेत्रमा क्रियाशील हुनुपर्नेछ र वैधानिक रुपमा अपाङ्गता पुर्नस्थापना सम्बन्धी उद्धेश्य सहित स्थापना भएको हुनु पर्नेछ ।

२. संस्थाले जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको र पुर्नस्थापना सेवा सञ्चालन गर्न आवश्यक अनुमति प्राप्त गरेको हुनुपर्नेछ ।

३. संस्थाले आफ्नै पुर्नस्थापना केन्द्र संचालन गरेको हुनुपर्नेछ । "अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धि नियमावलि २०७७ परिच्छेद ३ र जनस्वास्थ्य सेवा नियमावली २०७७" अनुसार पुनर्स्थापना सेवा सञ्चालन गर्न सम्बन्धित निकायबाट सूचीकृत भई मान्यता प्राप्त पुनर्स्थापना सेवा प्रदायक संस्था हुनुपर्नेछ ।

४. संस्था समाज कल्याण परिषदमा आवद्ध भई नियमित रुपमा नवीकरण गरेको हुनुपर्नेछ ।

५. संस्थासँग पुर्नस्थापना क्षेत्रमा कम्तीमा ५ वर्ष काम गरेको अनुभव हुनुपर्नेछ र आ.व. २०८१/०८२ को लेखापरिक्षण, करचुक्ता तथा अद्यावधिक नविकरण गरेको हुनुपर्नेछ ।

६. नेपाल सरकारको "पुर्नस्थापना सेवा संचालन सम्बन्धी मापदण्ड, २०७८" तथा "सहायक प्रविधि सामाग्री सेवा सम्बन्धि राष्ट्रिय मापदण्ड, २०७८" बमोजिम सेवा संचालन तथा कार्यअनुभव भएको हुनुपर्नेछ ।

जय किशोर साह
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

७. संस्थामा कार्यरत पदाधिकारी, कर्मचारी वा स्वम.सेवक कुनै प्रकारको लैगिंक तथा यौन दुर्व्यवहार, भेदभावजन्य कार्य, भ्रष्टाचार गैरकानुनी गतिविधि वा फौजदारी कसुर सम्बन्धी आरोप नलागेको वा कसुर ठहर नभएको हुनुपर्नेछ ।

**प्रस्ताव पेश गर्दा चाहिने आवश्यक कागजातहरु:**

१. संस्था दर्ता प्रमाण पत्र
२. नविकरण प्रमाण पत्र
३. PAN/VAT प्रमाण पत्र
४.आ.व.२०८१/८२ को करचुक्ता प्रमाणपत्र
५.अपागंता क्षेत्रमा काम गरेको अनुभवको प्रमाण पत्र र प्रगति प्रतिवेदन
६. मुख्य प्राविधिक कर्मचारीहरुको बैयक्तिक विवरण

**नोट : स्थानीय स्तर (चन्द्रनगर गाँउपालिका) मा अपाङ्गता पुर्नस्थापनाको क्षेत्रमा सेवा प्रदान गरिरहेका संस्थालाई छनौट प्रक्रियामा प्राथमिकता दिईनेछ ।**

..............................

जय किशोर साह
(प्रमुख प्रशासकीय अधीकृत)

जय किशोर साह
प्रमुख प्रशासकीय अधिकृत